परिशिष्ट-(क)

तृतीय पत्र पेशागत अभिवृत्ति परीक्षण (Professional Orientation Aptitude Test) को 'Part II' पेशागत व्यवहारीक परीक्षण (Professional Behavioral Test) को सम्बन्धमा परीक्षार्थीको लागि Guidelines

१. नेपाल प्रहरीमा प्रहरी अधिकृत/प्रहरी सहायक अधिकृत स्तरको पदमा रही कार्य गर्ने प्रहरी कर्मचारीलाई आवश्यक पर्ने सक्षमताहरु (Competencies) मापन गर्ने उद्देश्यले यो पेशागत व्यवहारिक परीक्षण परीक्षा समावेश गरिएको हो।

२. लिखित परीक्षा योजना अन्तर्गत तृतीय पत्रमा रहेको पेशागत अभिवृत्ति परीक्षण (Professional Orientation Aptitude Test) विषयको 'Part I' मा रहेको पेशागत सैद्वान्तिक ज्ञान (Professional Knowledge) को लिखित परीक्षा समाप्त भए पश्चात 'Part II' मा रहेको पेशागत व्यवहारिक परीक्षण (Professional Behavioral Test) को लागि अंकभार १५ र समयावधी ४५ मिनेटको तोकिएको छ।

२.१. पेशागत अभिवृत्ति परीक्षण को २ घण्टा १५ मिनेटको परीक्षा समाप्ति पश्चात परीक्षार्थीहरुले 'Part I' को उत्तरपुस्तिकाहरु बुझाई यथास्थानमै रहनु पर्नेछ र सोही वखतमा 'Part II' को लागि अलग्गै उत्तरपुस्तिका वितरण हुनेछ र उक्त उत्तरपुस्तिकामा नाम नामेसी विवरण भर्न र सोही उत्तरपुस्तिकामा संलग्न गरिएको निर्देशन अध्ययन गर्न १० मिनेटको समय रहनेछ।

२.२. 'Part II' को पेशागत व्यवहारिक परीक्षण (Professional Behavioral Test) मा सोधिने प्रश्नहरुको उत्तर उत्तरपुस्तिकामा निर्दिष्ट गरिएको स्थानमा मात्र लेख्नुपर्ने हुन्छ ।

३. पेशागत व्यवहारिक परीक्षण अन्तर्गत Situational Travel Time, Incident Report Writing र Simulation or Work Sample विषयको परीक्षण गरिने छ। जस अन्तर्गत निम्न विषयवस्तुको सम्बन्धमा परीक्षार्थीहरुको सक्षमताहरु (Competencies) परीक्षण गरिने छ।

(क) Situational Travel Time: यस परीक्षणमा समाजको कुनै स्थान विशेष (शहर, गाँउ, टोल) को शान्ति सुव्यवस्था खल्वल्याउने विषयवस्तु, घटना परिघटनाको बढावा हुनसक्ने सम्भावना एवं परिस्थितिको विश्लेषण गरी उक्त क्षेत्रको नाप, नक्सा बाटो (कच्ची, पक्की निर्माणमा अवरोध भएको आदि कम वा धेरै समय लाग्ने) को समेत अध्ययन गरी उक्त स्थानमा पुग्न लाग्ने समय र जाने तरीका (पैदल वा सवारी साधनबाट) को उल्लेख गर्नु पर्नेछ।

(ख) Incident Report Writing: यस परीक्षणमा समाज घट्ने कुनै पनि घटनाको यथार्थ वस्तुस्थितिको सहितको घटना विवरण दिइन्छ। परीक्षार्थीहरुले उक्त विवरण ध्यानपूर्वक अध्ययन गरी सोधिएका प्रश्नहरुको छोटो उत्तर दिनु पर्नेछ।

(ग) Simulation or Work Sample: यस परीक्षणमा नेपाल प्रहरीको विभिन्न प्रहरी युनिटहरुमा नियमित र आकस्मिक रुपमा गर्नुपर्ने कार्यहरुको श्रृंखलाहरुलाई वास्तविक जीवन्त परिस्थितिसंग मेलखाने किसिमका कार्यहरुको नमुना, उम्मेदवारको जिम्मेवारी र भुमिका समेत उल्लेख गरी विषयवस्तु उपलब्ध गराईन्छ र उक्त जिम्मेवारीलाई सो व्यक्तिले के कस्तो तर्कका आधारमा किन र कसरी प्राथमिकीकरण गर्दछ भन्ने कुरा क्रमिकरुपमा लेख्नु पर्नेछ।

साथै Simulation or Work Sample मा दिइएको घटना विवरणको विषय वस्तुले इंकित गरेको महत्व (Importance) र जरुरीपन (Urgency) का अधारमा तपाईले समाधान गर्दा घटनाको गाम्भीर्यतालाई ध्यानमा राखि

पहिलो सम्पन्न गर्नु पर्ने घटनालाई १, त्यस्तै दोस्रोलाई २, तेस्रोलाई ३, चौथोलाई ४, पाँचौलाई ५ गर्दै क्रमश सो घटनालाई सम्वोधन गर्न गरिने काम कारवाहीहरु अनिवार्य रुपमा लेख्नु पर्नेछ। साथै दिइएको घटना विवरण अनुसार कार्य सम्पन्न गर्नका लागि गर्नुपर्ने मुख्य कार्य/क्रियाकलापहरु (Key Actions) र उक्त घटना जुन प्राथमिकता क्रम (Priority Order) मा तपाइले राख्नु भएको छ सो प्राथमिकता क्रममा पर्नुको कारण समेतको पुष्ट्याई (Justification) उत्तरपुस्तिकामा तोकिएको स्थानमा मात्र उल्लेख गर्नु पर्नेछ।

४. उत्तर पुस्तिकामा निर्धारित स्थानमा उल्लेख गरिए बाहेक उम्मेदवारले अफ्नो पहिचान खुलाउने कुने प्रकारको चिन्ह वा संकेत लेख्न पाउने छैन। उल्लेख गरिएको पाइएमा परीक्षा रद्ध हुनेछ।

नमूना प्रश्न

परिशिष्ट-(ख)

पाँचौ चरण अन्तर्गत सक्षमता परीक्षण (Competency Test: Presentation) तथा अन्तरवार्ता (Competency Based Interview)

Competency Test: Presentation

Presentation skills are important in the workplace of police officers. Presentation exercises are a selection tool often used for positions requiring high levels of officer's work and/or presenting information. Candidates will be asked to give a presentation based on a prior case study exercise, or on a group exercise they had previously undertaken. Similarly, candidates may be given information regarding a topic, and given a set amount of time to prepare. These presentations will typically last for given time period and candidates may be allowed to use presentational tools provided by the organization.

The assessors will observe and evaluate the candidates 'communication and interpersonal skills, public speaking ability, persuasion and influence, confidence and ability to remain calm under pressure, clarity of speech and verbal ability, ability to interpret and relay information, ability to structure and design effective presentations, management of timing skills.

Competency Based Interview:

Scenario-based questions are designed to get a glimpse of candidate's decision-making process and how they may react to various situations. Experience-based questions are focused on how a person responded to relevant issues in the past. These types of questions are more about assessing candidate's decision-making process, and search for evidence one use in accomplishing tasks.

1. Educational and extra activities history
2. Recent illegal substance use
3. Interpersonal and familial interactions
4. Financial requirements
5. Self-perceived strengths and weaknesses
6. Reasons to work in a Police Service
7. Professional goals

परिशिष्ट-(ग)

Competency Matrix

S.N.	Competencies	Competency Test: Presentation	Competency based Interview
1.	Integrity		√
2.	Professional policing	√	
3.	Public orientation		√
4.	Communication	√	
5.	Leadership		√
6.	Planning and coordinating	√	
7.	Problem solving		√
8.	Result orientation	√	

- सक्षमता परीक्षण (Competency Test: Presentation) सम्बन्धमा "सक्षमता परीक्षण (Competency Test: Presentation) परीक्षा संचालन एवं मूल्याङ्कन कार्यविधि-२०७७" बमोजिम हुने।